नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :
च.नं. :

## प्रेस विज्ञप्ति

मिति २०८०।०५।०७ गते सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड'ज्यूले २०७२ सालको भूकम्पबाट क्षतिग्रस्त भई पुनर्निर्माण भैरहेको सिँहदरबारको पश्चिमतर्फको भवनको निरीक्षण गर्नुभएको छ । निरीक्षणको क्रममा सहरी विकास मन्त्री माननीय सीता गुरुङ्ज्यू, नेपाल सरकारका मूख्य सचिव डा वैकुण्ठ अर्यालज्यू तथा सहरी विकास सचिवलगायतका सम्बद्ध पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।

निर्माणाधीन भवनको निरीक्षणपछि सम्माननीय प्रधानमन्त्रीज्यूले निर्माणमा संलग्न कम्पनीद्वारा प्रस्तुत गरिएको निर्माण सम्पन्न भए पश्चात् देखिने भवनको बाहिरी र भित्री कक्षको थ्रिडी एनिमेशनको अवलोकन समेत गर्नुभएको थियो । सो अवलोकन पश्चात् इन्जिनीयर, प्राविधिक र पुनर्निर्माण कार्यमा संलग्न सबैलाई धन्यवाद दिनुहुदै पुनर्निर्माणको कार्यलाई छिटो सम्पन्न गर्न सम्बद्ध पक्षलाई निर्देशन दिनुभएको थियो ।

**२०८० भदौ ७ गते, बिहीवार**

**(नारायण प्रसाद भट्ट)**
**प्रवक्ता**

टेलिफोन : ४९७१०००, ४९७१००१, ४९७१०२५, ४९७१०१४, पो.ब.नं.: २३३१२, काठमाडौं, नेपाल
ई–मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np